# श्री कार्यरथी विभाग भर्ना छनौट निर्देशनालय,
# जंगी अड्डा

## विभिन्न ट्रेडका प्राविधिक, प्राड तथा लेखा अधिकृत पदहरुको लागि दरखास्त आव्हावान

**(प्रथम पटक प्रकाशित मिति २०७२/२/२१ गते)**

१. नेपाली सेनाको स्वीकृत दरबन्दि भित्र रिक्त रहेका देहायका पदहरु समावेशी तथा खुला प्रतिस्पर्धाबाट पदपुर्ति गर्न योग्यता पुगेको ईच्छुक नेपाली नागरिक स्वयम् उपस्थित भई तोकिएको स्थानमा रु.१०।- को टिकट टांसी दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

२. **आवश्यक संख्या**

| सि.नं. | बिज्ञापन नम्बर | पद | समावेशी तर्फ | | | | | खुल्ला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/ जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७१/७२/१ | प्रा.उ.से. एम.वि.वि.एस.डाक्टर | - | २ | १ | - | १ | ४ | ८ |
| २ | ०७१/७२/२ | प्रा.उ.से. डेण्टल डाक्टर | - | - | | - | १ | १ | २ |
| ३ | ०७१/७२/३ | प्रा.उ.से. सैनिक उपचारिका | - | - | - | - | - | १ | १ |
| ४ | ०७१/७२/४ | प्रा.उ.से. मेन्टिनेन्स | - | - | - | - | - | १ | १ |
| ५ | ०७१/७२/५ | प्रा.उ.से. अकुपेशन थेरापि | - | - | - | - | - | १ | १ |
| ६ | ०७१/७२/६ | प्राड.उ.से. | - | - | - | - | - | १ | १ |
| ७ | ०७१/७२/७ | प्रा.उ.से. केमिस्ट | - | - | - | - | - | १ | १ |
| ८ | ०७१/७२/८ | प्रा.उ.से.आर्किटेक्ट ईन्जिनियर | - | - | | - | १ | २ | ३ |
| ९ | ०७१/७२/९ | प्रा.उ.से.सिभिल ईन्जिनियर | - | १ | - | - | १ | ३ | ५ |
| १० | ०७१/७२/१० | प्रा.उ.से.Airframe & Engine (A & C) ईन्जिनियर | - | - | - | - | - | १ | १ |
| ११ | ०७१/७२/११ | प्रा.उ.से. ईलेक्ट्रिकल/ईलेक्ट्रोनिक्स ईन्जिनियर | - | - | | - | १ | २ | ३ |
| १२ | ०७१/७२/१२ | प्रा.उ.से. मेकानिकल ईन्जिनियर | - | १ | - | | १ | २ | ४ |
| १३ | ०७१/७२/१३ | प्रा.उ.से. अटोमोवाईल ईन्जिनियर | - | - | - | - | १ | १ | २ |

| सि.नं. | बिज्ञापन नम्बर | पद | समावेशी तर्फ | | | | | खुल्ला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १४ | ०७१/७२/१४ | प्रा.उ.से. भेट्नरी डाक्टर | - | - | - | - | - | १ | १ |
| १५ | ०७१/७२/१५ | प्रा.उ.से. केमिकल ईन्जिनियर | - | - | - | - | - | १ | १ |
| १६ | ०७१/७२/१६ | प्रा.उ.से. कम्प्युटर ईन्जिनियर | - | - | - | - | १ | १ | २ |
| १७ | ०७१/७२/१७ | लेखा अधिकृत | - | - | - | - | १ | १ | २ |

३. <u>दरखास्त लिने स्थान र मिति:</u>

(क) भद्रकाली पेट्रोलपम्प निवेश गेट, जंगी अड्डा ।

(ख) मिति २०७२/२/२१ गतेदेखि मिति २०७२/३/१८ गते कार्यालय समयभित्र सिङ्गल दस्तुर बुझाई दरखास्त दर्ता गर्न सकिने छ । साथै दरखास्त दर्ता गर्ने अन्तिम मितिबाट थप दिन ७ (सात) मिति २०७२/३/१९ गतेदेखि मिति २०७२/३/२५ गतेसम्म दोब्बर दस्तुर बुझाई दरखास्त दर्ता गर्न सकिनेछ ।

४. **दरखास्त दस्तुर :** दरखास्त फाराम बुझाउंदा सबै ट्रेडका उम्मेदवारहरुले रु. ७०० (सातसय दस्तुर बुझाउनु पर्नेछ । तर एकभन्दा बढी समुहमा दरखास्त दिएमा प्रत्येकमा २०% का दरले थप दस्तुर लाग्नेछ ।

५. <u>आवश्यक योग्यता</u>

**(क) शैक्षिक योग्यता**

| सि.नं. | विज्ञापन नं. | पद | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| १ | ०७१/७२/१ | प्रा.उ.से. एम.वि.वि.एस.डाक्टर | १. मान्यता प्राप्त शैक्षिक संस्थाबाट MBBS उतिर्ण गरेको हुनु पर्ने ।<br>२. नेपाल मेडिकल काउन्सिलबाट Licence प्राप्त गरेको । | |
| २ | ०७१/७२/२ | प्रा.उ.से. डेण्टल डाक्टर | १. Bachelor in Dental Surgery (B.D.S.) उतिर्ण गरेको हुनु पर्ने ।<br>२. नेपाल मेडिकल काउन्सिलबाट Licence प्राप्त गरेको । | |
| ३ | ०७१/७२/३ | प्रा.उ.से. सैनिक उपचारिका | १. मान्यता प्राप्त शैक्षिक संस्थाबाट BN/B.Sc. Nursing उतिर्ण गरेको हुनु पर्ने ।<br>२. नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको हुनु पर्ने । | |
| ४ | ०७१/७२/४ | प्रा.उ.से. मेन्टिनेन्स | १. मान्यता प्राप्त शैक्षिक संस्थाबाट Biomedical Engineering विषयमा स्नातक तह उतिर्ण गरेको हुनु पर्ने ।<br>२. नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| ५ | ०७१/७२/५ | प्रा.उ.से. अकुपेशन थेरापि | १. मान्यता प्राप्त शैक्षिक संस्थाबाट Bachelor in Occupational Therapy (BOT) उतिर्ण गरेको हुनुपर्ने ।<br>वा<br>मान्यता प्राप्त शैक्षिक संस्थाबाट Bachelor of Science in Occupational Therapy (Bsc. OT) उतिर्ण गरेको हुनुपर्ने । | |
| ६ | ०७१/७२/६ | प्राड.उ.से. | १. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कानुन विषयमा स्नातक तह उत्तीर्ण गरेको हुनु पर्ने ।<br>२. नेपाल कानुन व्यवसायी परिषद्बाट अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको हुनु पर्ने । | |
| ७ | ०७१/७२/७ | प्रा.उ.से. केमिस्ट | मान्यता प्राप्त शैक्षिक संस्थाबाट रसायन शास्त्र (केमिष्ट्री) विषय लिई स्नातक तह उतिर्ण गरेको हुनुपर्ने । | |
| ८ | ०७१/७२/८ | प्रा.उ.से.आर्किटेक्ट ईन्जिनियर | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चर विषयमा स्नातक तह वा सो सरह उतिर्ण गरेको हुनुपर्ने ।<br>२. नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको हुनु पर्ने । | |
| ९ | ०७१/७२/९ | प्रा.उ.से.सिभिल ईन्जिनियर | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उतिर्ण गरेको हुनुपर्ने ।<br>२. नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्ने । | |
| १० | ०७१/७२/१० | प्रा.उ.से.Airframe & Engine (A & C) ईन्जिनियर | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट एरोनटिकल ईन्जिनियरिङ्ग विषयमा स्नातक तह (B.E.) उतिर्ण गरेको हुनुपर्ने ।<br>२. नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्ने । | |
| ११ | ०७१/७२/११ | प्रा.उ.से. ईलेक्ट्रिकल/ईलेक्ट्रोनिक्स ईन्जिनियर | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय लिई प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको हुनुपर्ने ।<br>२. मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रिकल/ईलेक्ट्रोनिक्स र ईलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन ईन्जिनियरिङ्ग विषयमा बि.ई. उतिर्ण गरेको हुनुपर्ने ।<br>३. नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| १२ | ०७१/७२/१२ | प्रा.उ.से. मेकानिकल ईन्जिनियर | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट बिज्ञान बिषय लिई प्रविणता प्रमाण पत्र तह उतिर्ण गरेको हुनुपर्ने ।<br>२. मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल ईन्जिनियरिङ्ग विषयमा बि.ई. उतिर्ण गरेको हुनुपर्ने ।<br>३. नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्ने । | |
| १३ | ०७१/७२/१३ | प्रा.उ.से. अटोमोवाईल ईन्जिनियर | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट बिज्ञान बिषय लिई प्रविणता प्रमाण पत्र तह उत्तिर्ण गरेको हुनुपर्ने ।<br>२. मान्यता प्राप्त शिक्षण संस्थाबाट अटोमोवाईल ईन्जिनियरिङ्ग विषयमा बि.ई. उतिर्ण गरेको हुनुपर्ने ।<br>३. नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्ने । | |
| १४ | ०७१/७२/१४ | प्रा.उ.से. भेट्नरी डाक्टर | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट Bachlor in Vetenary Science & Animal Husbandary (B.V.Sc. & A.H)<br>वा<br>Doctor of Vetenary Medicine (D.V.M) उतिर्ण गरेको हुनु पर्ने ।<br>२. नेपाल भेटनरी काउन्सिलमा दर्ता भएको हुनुपर्ने । | |
| १५ | ०७१/७२/१५ | प्रा.उ.से. केमिकल ईन्जिनियर | १. मान्यता प्राप्त शिक्षण संस्था विज्ञान विषय लिई प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको हुनुपर्ने ।<br>२. मान्यता प्राप्त शिक्षण संस्थाबाट केमिकल ईन्जिनियरिङ्ग विषयमा बि.ई.गरेको हुनुपर्ने ।<br>३. नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्ने । | |
| १६ | ०७१/७२/१६ | प्रा.उ.से. कम्प्युटर ईन्जिनियर | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको हुनुपर्ने ।<br>२. मान्यता प्राप्त शिक्षण संस्थाबाट BE (IT)/BE(Computer)/ B.Tech (IT)/ B.Tech (Computer) उतिर्ण गरेको हुनुपर्ने ।<br>३. नेपाल ईन्जिनियरिङ्ग काउन्सिलबाट मान्यता प्राप्त गरेको । | |
| १७ | ०७१/७२/१७ | लेखा स.से. | मान्यता प्राप्त शिक्षण संस्थाबाट बाणिज्य शास्त्र वा व्यवस्थापन बिषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने । | |

(ख) <u>शारीरिक योग्यता</u>

(१) <u>पुरुषको लागि</u>

(क) उचाई: ५ फिट ३ ईन्च ।

(ख) छाती: नफुलाउंदा ३२ ईन्च र फुलाउंदा ३४ ईन्च ।

(ग) वजन: ५० के.जि. (११० पौण्ड) ।

(घ) चश्मा प्रयोग गर्ने भएमा ± २ भन्दा बढी कमजोर नभएको ।

(२) <u>महिलाको लागि</u>

(क) उचाई: ४ फिट १० ईन्च ।

(ख) वजन: ४० के.जि. (८८ पौण्ड) ।

(ग) चश्मा प्रयोग गर्ने भएमा ± २ भन्दा बढी कमजोर नभएको ।

(ग) <u>अन्य योग्यता</u> : सबै ट्रेडका उम्मेदवारहरु नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, तत्काल कुनै राजनीतिक दलको सदस्य नरहेको हुनु पर्नेछ । साथै अन्य योगताको हकमा **“सैनिक सेवा नियमावली २०६९”** ले तोके अनुसार हुनु पर्नेछ ।

६. <u>उमेरको हद</u>

(क) <u>बिभिन्न ट्रेडका प्राविधिक तथा प्राड अधिकृत:</u>

(१) पुरुष: आवेदन दर्ता गराउने अन्तिम मिति २०७२/३/१८ गते १८ वर्ष पुरा भई २९ वर्ष ननाघेको हुनु पर्नेछ ।

(२) महिला: आवेदन दर्ता गराउने अन्तिम मिति २०७२/३/१८ गते १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको हुनु पर्नेछ ।

(ख) **लेखा अधिकृत**

(१) बाणिज्य शास्त्र वा व्यवस्थापन बिषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेकाको हकमा आवेदन दर्ता गराउने अन्तिम मिति २०७२/३/१८ गते १८ वर्ष पुरा भई २१ वर्ष ननाघेको हुनु पर्नेछ ।

(२) बाणिज्य शास्त्र वा व्यवस्थापन बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेकाको हकमा आवेदन दर्ता गराउने अन्तिम मिति २०७२/३/१८ गते १८ बर्ष पुरा भई २४ बर्ष ननाघेको हुनु पर्नेछ ।

७. <u>नेपाली सेनाका बहालवाला उम्मेदवारहरुको लागि</u>

(क) सम्वन्धित ट्रेडमा आवश्यक शैक्षिक योग्यता हासिल गरेको हुनु पर्ने, सैन्य आधार तालिम गरेको हुनु पर्ने तथा उमेरको हद नलाग्ने ।

(ख) दरखास्त पेश गर्ने अन्तिम मिति २०७२/३/१८ गतेका दिन न्युनतम सेवा अवधि १ बर्ष पुरा भएको हुनु पर्नेछ ।

(ग) युनिटपति/सम्बन्धितपतिको सिफारिस अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

८. **दरखास्तसाथ समावेश गर्नुपर्ने आवश्यक कागजादहरु** : देहाय बमोजिमका कागजादहरुको प्रतिलिपि उम्मेद्वारहरु स्वयम्ले प्रमाणित गरी १/१ प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नु पर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाण–पत्रहरु उपर कुनै कारवाही गरिने छैन । दरखास्त दिन आउंदा, पेश गरिने सबै कागजातहरुको सक्कल प्रति अनिवार्य रुपमा साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण–पत्र ।

(ख) सबै शैक्षिक तहहरुको योग्यताको प्रमाण पत्रको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण–पत्र र प्रोभिजनल प्रमाण–पत्र ।

(ग) नेपालको विश्वविद्यालय वाहेक अन्य बोर्ड तथा विश्व विद्यालयबाट उपाधी हासिल गर्नेहरुको हकमा त्रि.वि.वि.बाट प्रकाशित समकक्षताको मान्यता प्राप्त पुस्तकबाट आफुले हांसिल गरेको उपाधीको समकक्षताको फोटोकपी र माईग्रेसन (स्थानान्तरण) को प्रमाण–पत्र समेत प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(घ) शैक्षिक योग्यता वाहेक आफुले प्राप्त गरेको अन्य प्रमाण–पत्रहरु (अतिरिक्त क्रियाकलाप) र विविध विषय सम्बन्धि प्रमाण–पत्रहरुको प्रतिलिपी ।

(ङ) **समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरुको हकमा निम्न थप कागजातहरु समेत पेश गर्नुपर्नेछः**

(१) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति । तर, नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सुचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय निकाएको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।

(२) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति । तर, राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकाएको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्ने छ ।

(३) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सुचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय निकाएको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि १ प्रति ।

(४) पिछडिएको क्षेत्रका लागि अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु, हुम्ला, मनाङ्ग र मुस्ताङ्ग जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गा.वि.स./नगरपालिकाबाट दरखास्त दिंदाका बखतसम्म सोहि स्थानमा स्थायी बसोवास गरेको सिफारिसको प्रतिलिपि १ प्रति ।

९. **फोटोग्राफ** : उम्मेदवारहरुले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो प्रति ३ (तीन) दरखास्त साथ पेश गर्नु पर्नेछ ।

१०. **सम्पर्क मिति र स्थान:** सबै ट्रेडका उम्मेदवारहरुले मिति २०७२/३/२८ गते १५०० बजे जंगी अड्डाको पश्चिम पट्टिको खेल मैदान ।

११. **छनौट प्रक्रिया**

(क) **वियरिङ्ग परीक्षा** : यस परीक्षामा उम्मेदवारहरुको उचाई, वजन, छाती (महिला उम्मेदवार बाहेकको) र शारीरिक बनावट परीक्षण गरिने छ । शारीरिक बनावट परीक्षणमा हेरिने बुदांहरुः अंगभंग नभएको/कुरूप नदेखिने, हात खुट्टा बाङ्गो टिङ्गो र औंलाहरू ठीक भएको, घुंडा नजोडिने (Knee Lock), हात खुट्टामा मुसा नभएको, धेरै चेप्टो पैताला नभएको, प्रष्ट बोली भएको, भकभके, लठ्यौरो हुन नहुने, दांत नझरेको (अगाडिको दांत नझरेको र किरा लागेको दांत भरेको हुनपर्ने), ढाड कुप्रो नभएको, शरीर पुरा झुकाउन सक्ने, जिउ कोल्टे नपरेको, दुवी नभएको, कपाल नझरेको (अस्वभाविक रुपमा नझरेको हुनपर्ने), कपाल नफुलेको र नरंगाएको (अस्वभाविक रुपमा फुलेको तथा रंगाएको लाई लिन नमिल्ने), आंखा डेढो नभएको, वायां आंखा चिम्लन सक्ने (सम्बन्धितको मास्टर आई विपरित आंखा चिम्लन सक्ने), ज्यादै छिप्पड नदेखिने, लुरे नदेखिने, उचाई अनुसार हुनु पर्ने तौल भन्दा बढी वा घटी तौल नभएको, शरीर मोटो तर हात खुट्टा झिनो नदेखिने, शरीरमा ट्याटु मार्क नबनाएको, अनुहारमा अस्वभाविक दागहरू नभएको ।

(ख) **प्रारम्भिक स्वास्थ्य परीक्षण** : मान्यता प्राप्त चिकित्सकहरुद्वारा उम्मेदवारहरुको साधारण स्वास्थ्य परीक्षण गरिनेछ । यस परीक्षणमा नाक, कान, आंखा (कलर भिजन), ब्लड प्रेसर, हर्निया, पाईल्स, छाला आदि हेरिनेछ ।

(ग) **शारीरिक परीक्षा**

| सि.नं. | पद | शारीरिक योग्यता | |
|---|---|---|---|
| | | पुरुष | महिला |
| १ | सबै ट्रेडका प्राविधिक प्राड तथा लेखा अधिकृत पदका उम्मेदवारहरुको लागि | (क) सिटअप १० पटक<br>(ख) पुसअप १० पटक<br>(ग) चिनअप २ पटक<br>(घ) ३०० मिटर दौड ६५ सेकेण्डमा पुरा गर्नुपर्नेछ ।<br>(ङ) १ माईल दौड ९ मिनेटमा पुरा गर्नुपर्नेछ । | (क) सिटअप ८ पटक<br>(ख) पुसअप ५ पटक<br>(ग) ३०० मिटर दौड ७५ सेकेण्डमा पुरा गर्नुपर्नेछ ।<br>(घ) १ माईल दौड ११ मिनेटमा पुरा गर्नुपर्नेछ । |

(घ) **लिखित परीक्षा (पेशा विषय):** सबै पदका उम्मेदावारहरुको सम्बन्धित ट्रेडको पेशा विषय सम्बन्धि लिखित परीक्षा हुनेछ ।

(ङ) **लिखित परीक्षा (विविध विषय):** सबै पदका उम्मेदावारहरुको भाषा सम्बन्धि विविध विषय (अंग्रजी, नेपाली, गणित र सामान्य ज्ञान) सम्बन्धि लिखित परीक्षा हुनेछ ।

(च) **प्रयोगात्मक परीक्षा** : लेखा र प्राड अधिकृत, बाहेक सबै पदका उम्मेदवारहरुको सम्बन्धित ट्रेड अनुसारको प्रयोगात्मक परीक्षा हुनेछ ।

(छ) **विस्तृत स्वास्थ्य परीक्षण** : मान्यता प्राप्त चिकित्सकहरुबाट विस्तृत स्वास्थ्य परीक्षण गरिनेछ । नेपाली सेनामा स्वास्थोपचार सुविधा पाईरहेका उम्मेदवारहरु बाहेक अन्य उम्मेदवारहरुको विस्तृत स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम शुल्क लाग्नेछ ।

(ज) **बोर्ड अन्तरवार्ता** : पदपुर्ति समितिका पदाधिकारीहरुबाट अन्तरवार्ता हुनेछ ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरु** : नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार ।

१३. **अन्य शर्तहरु**

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले उम्मेदवारी दिंदा विभागीय स्वीकृति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ख) छनौट परीक्षाको दौरान आ–आफ्नो व्यक्तिगत सुरक्षाको साथै परीक्षा अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार स्वयं उम्मेदवार हुनेछ ।

(ग) छनौट परीक्षाको क्रममा उम्मेदवारहरुले आ-आफ्नै व्यवस्थाबाट तोकिएको स्थान र समयमा प्रतिवेदन गर्नु पर्नेछ ।

(घ) समावेशीकरणका लागि आदिवासी जनजाति, मधेसी वा दलित बमोजिम उम्मेदवार हुने व्यक्तिले कुनै एक खण्डको समुदायको उम्मेदवारको रुपमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछ । तर महिलाको हकमा यो व्यबस्था लागु हुने छैन ।

**नोट**

(क) दरखास्त फाराम दरखास्त पेश गर्ने स्थानमा (भद्रकाली पेट्रोल पम्पको निवेश गेट जंगी अड्डामा) उपलब्ध हुनेछ ।

(ख) दरखास्त फाराम र सम्बन्धी पदका पाठ्यक्रम नेपाली सेनाको वेभसाईट **www.nepalarmy.mil.np** बाट डाउनलोड गर्न सकिने छ ।

(ग) रक्षा मन्त्रालय तथा लोकसेवा आयोगसंग परामर्श लिई तयार पारिएको “सैनिक सेवा नियमावली २०६९” र “सामान्य सिद्धान्त २०६४” को आधारमा पदपुर्ति गरिने छ ।

(घ) महिलाको हकमा Direct combat duties/Close combat role (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेकका Combat related duties/combat service support (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडी रहेर सेवा र सहयोग पुर्‍याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराईनेछ ।

(ङ) भर्ना छनौट सम्बन्धि सुचना नेपाली सेनाको Website: **www.nepalarmy.mil.np** मा हेर्न सकिने छ ।

(च) थप केही जानकारी लिनु परेमा श्री कार्यरथी विभाग भर्ना छनौट निर्देशनालयको सम्पर्क नं.०१- ४२४६९५० मा सम्पर्क राख्नु हुन समेत सुचित गरिन्छ ।